नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, पुस १२ गते २०५६ साल (संख्या ३६

भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयका सह-सचिव श्री उषा नेपाललाई सुख्य औषध नियन्त्रण अधिकारी तोकेको छ ।

खण्ड ४८ संख्या २४, मिति २०५५ साल असोज १२ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
पदमप्रसाद पोखरेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

भाग ४

महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको निर्णयानुसार महालेखा परीक्षकले लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका निर्देशकहरूलाई २०५६ साल कात्तिक २६ गतेदेखि बढुवा मिति कायम हुने गरी सोही सेवा राजपत्राङ्कित प्रथम श्रेणीको नायव महालेखा परीक्षक पदमा बढुवा गरी महालेखा परीक्षकको विभागमा पद-स्थापन गरेको छ

१. श्री बद्रीबहादुर कार्की
२. श्री दुर्गाप्रसाद उपाध्याय

आज्ञाले,
बासुदेव लामछाने
उप-महालेखा परीक्षक

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित मुद्रणपछि मात्र लागु हुनेछ।